# सिद्धार्थनगर नगरपालिकाको कार्यालय

# आ.व. २०७१/०७२ को

## वार्षिक प्रगति समीक्षा प्रतिवेदन




मिती : २०७२/८/२

# परिच्छेद १

## पृष्ठभुमि

### १.१ वार्षिक प्रगति समीक्षा सम्वन्धि परिचय

नेपालको. स्थानीय स्वयत्त शासन ऐन २०५५ को दफा ११८ को उपदफा २ र नियमावलिको नियम १३९ को उपनियम ४ अनुसार गत आ.व.मा सम्पन्न नगरस्तरीय आयोजना र कार्यक्रमको वार्षिक प्रगति समिक्षा चालु आ.व.को चौमासिक भित्र सम्पन्न गरिसकेको हुनु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ । यसै अनुसार सिद्धार्थ नगरपालिकाले विगत वर्षहरुवाट नै हरेक आ.व.सकिएको चौमासिक भित्र नगरपालिकाले गत वर्षमा गरेका विभिन्न गतिविधिहरुको वार्षिक प्रगति समीक्षा गर्ने गरेको छ । यहि क्रममा न.पा.को गत आ.व. २०७१/०७२ को प्रगति समिक्षा हालसालै सम्पन्न भएको छ । प्रस्तुत प्रतिवेदनमा सो सम्वन्धि गतिविधिहरु देखाउने प्रयास गरिएको छ ।

### १.२.प्रगति समीक्षा वैठकको लागि गरिएका तयारीहरु र सञ्चालन प्रकृया

न.पा.को आ.व.२०७१/०७२ को प्रगति समीक्षा वैठकको लागि गरिएका संक्षिप्त तयारीहरु निम्न वमोजिम रहेका थिए ।

**तयारी**

क.समीक्षा वैठकको लागि न.पा.को निर्णय
ख.समीक्षा वैठकमा उपस्थितिका लागि आमत्रणा
ग. वार्षिक प्रगति समीक्षाकाका मुख्य प्रस्तुतिहरु
घ. नगरपालिकावाट प्रस्तुत प्रतिवेदनमा पछि प्राप्त हुन आएका सुझावहरु
ङ. कार्यक्रम समापन
च. प्रगति समीक्षाको प्रतिवेदन तयारी र सार्वजनिकरण

**समीक्षा वैठक सञ्चालन प्रकृया**

- समय :– ११.०० बजे,
- स्थान :– सिद्धार्थनगर नगरपालिकाको प्राङगण
- मिति :– २०७२/७/२३, सोमवार
- उद्घोषक : श्री देवप्रसाद ज्ञवाली
- उद्घोषकवाट उपस्थित सम्पूर्णमा हार्दिक स्वागत तथा अभिवादन ।
- आशन ग्रहण
- कार्यक्रमको समुद्घाटन राष्ट्रिय गानबाट

- कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य तथा आ.ब. २०७१/७२ को कार्य प्रगति सहितको प्रस्तुतिकरण  श्री शैलेन्द्र प्रसाद श्रेष्ठ, वरिष्ठ ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय
- सहभागी बिचमा खुल्ला छलफल सवै सहभागीहरुबाट
- छलफलमा उठेका बिषय बस्तु टिपोट गर्ने :– १. शैलेन्द्र प्रसाद श्रेष्ठ २. विवेक कुमार खनाल ३. गणेश बहादुर क्षेत्री ४. यमलाल पाण्डे
- मन्तव्य कार्यक्रम :– प्रमुख राजनीतिक दलहरु र विषयगत कार्यालयका प्रतिनिधिहरु
- कार्यकारी अधिकृतवाट मन्तव्य सहित कार्यकमको समापन

# परिच्छेद २

## वार्षिक प्रगति समीक्षाकाका मुख्य प्रस्तुतिहरु

नगरपालिकामा विगतको आ.व.२०७१/०७२ मा भए गरेका गतिविधिहरुको प्रगति प्रस्तुतिकरण यस प्रकार छन् । प्रस्तुतिको विस्तृत विवरण नगरपालिकाको सुचना पार्टि र न.पा.को वेव साईटमा उपलब्ध छ ।

### २.१ नगरपालिकाको परिचय, लक्ष्य तथा प्राथमिकताहरु

### नगरपालिकाको परिचय

सिद्धार्थनगर नगरपालिका नेपालको पुरानो नगरपालिका मध्ये एक हो । यसको स्थापना वि.सं. २०२४ (सन् १९६७) मा भैरहवा नगर पञ्चायतका रुपमा भएको हो । सिद्धार्थनगरको रुपमा वि.सं. २०४७ जेष्ठ २८ गते (सन् १९९०) नामाकरण भएको हो । यो नगरपालिका रुपन्देही जिल्लाको सिमाबर्ती क्षेत्रमा पर्दछ । पूर्वमा बगाहा र बसन्तपुर गाबिस, पश्चिममा हाटीबनागाई गाबिस, उत्तरमा पडसरी र फर्साटिकर गाबिस र दक्षिणमा भारतीय सिमा नाका महाराजगंञ्ज जिल्ला रहेको छ ।

यस नगरपालिकाको भौगोलिक अवस्थितिलाई हेर्दा ८३ $^{0}$ २६' पूर्वी देशान्तर देखि २७$^{0}$ ३१' उत्तर अक्षांसमा रहेको छ । यो नगरपालिका समुद्र सतहबाट ११० मिटर उचाईमा रहेको छ र क्षेत्रफलको ३६.०३ व.कि.मी. रहेको छ । २०६८ सालको राष्ट्रिय जनगणना अनुसार नगरपालिकाको जनसंख्या ६३४८३ रहेको छ । जसमध्ये महिलाको संख्या ३१८१० र पुरूषको संख्या ३१६७३ रहेको छ । घरधुरी संख्या १२,४९७, प्रति परिवार औषत सदस्य संख्याः ५.०७ र जनघनत्व प्रति वर्ग कि.मीं ३०१२ जना रहेको छ । जनसंख्याममा पुरूष महिला अनुपात १ः १.०५ रहेको छ । नगरमा वसोवास गर्ने प्रमुख जातिहरुमा ब्राहमण (पहाडी), मुसलमान, क्षेत्री, मगर, गुरूङ्ग आदि छन् । राजनीतिक/प्रशासनिक दृष्टिले यो नगरपालिका रुपन्देहिको  निर्वाचन क्षेत्र नं. २ मा रहेको छ र  जम्मा १३ वटा वडामा विभाजित छ । पछिल्लो तथ्यङ्क अनुसार नगरपालिकाको साक्षरता दर ७८.९४% रहेको छ । क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थलको रुपमा निर्माणाधिन गौतम बुद्ध विमानस्थल यसै नगरपालिका भित्र पर्दछ । गौतम बुद्धको जन्मस्थल लुम्विनी यस नगरपालिकाबाट २२ कि.मि.को दूरीमा रहेको छ ।

### नगरपालिकाको प्राथमिकता तथा लक्षहरू

**दुरदृष्टि** : आवधिक नगर विकास योजनाले निर्दिष्ट गरेको “पर्यटन उद्योग, व्यवसाय र शिक्षा, हराभरा बुद्धभूमि शिद्धार्थनगरको ईच्छा” दुरदृष्टि रहेको छ ।

### मुख्य नीतिहरु :

नगरपालिकाको वार्षिक नगर विकास योजना २०७१/०७२ का मुख्य नीतिहरु यस प्रकार छन् ।

१ भौतिक पूर्वाधार विकास नीति

२ सामाजिक विकास नीति

- महिला शसक्तिकरण नीति
- वातावरण तथा सरसफाई सम्वन्धि नीति
- गरिबी न्युनीकरणसम्वन्धि नीति
- जनस्वास्थ्य व्यवस्थापन सम्वन्धि नीति
- बाल विकास सम्वन्धि नीति
- समुदाय विकास तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनसम्वन्धि नीति
- समावेशी विकास नीति
- शिक्षा, सँस्कृति,कला तथा खेलकुद विकास सम्वन्धि नीति
- सुशासन प्रवर्धन तथा संगठन विकास नीति

३.आर्थिक एवं वित्तिय नीति

- सार्वजनिक निजी साझेदारी व्यवस्थापन सम्वन्धि नीति
- सार्वजनिक सम्पत्ती संरक्षण तथा व्यवस्थापन सम्वन्धि नीति
- आन्तरिक आय बृद्धि तथा राजस्व व्यवस्थापन सम्वन्धि नीति

## २.२. सेवा प्रवाह र सुशासन सम्वन्धि

कार्यक्रममा न.पा.वाट गत वर्ष गरिएका सेवा प्रवाह र सुशासन सम्वन्धि गतिविधिहरुलाई देहाय वमोजिम तालिकिकरण गरि प्रस्तुत गरिएको थियो ।

**नगरपालिकाका कर्मचारीहरुले प्राप्त गरेका प्रशिक्षण सम्बन्धि विवरण :**

| सि.नं. | तालिम | संख्या |
|---|---|---|
| १ | कम्प्युटर तालिम | १० |
| २ | एकीकृत सम्पत्ति कर | २५ |
| ३ | कार्यालय व्यवस्थापन संचालन तालिम | २३ |
| ४ | शहरी विकास तालिम | १ |
| ५ | फोहोरमैला व्यवस्थापन तालिम | ३ |
| ६ | GIS तालिम | ६ |

| | | |
|---|---|---|
| ७ | सार्वजनिक खरीद तालिम | ४ |
| ८ | सूचनाको हक | ४५ |
| ९ | National Building Code | १२ |
| १० | आयोजना निर्माण व्यवस्थापन तालिम | ४० |

**नगरपालिकाले प्रदान गरेका सिफारिस**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | मृत्यु सिफारिस | ३ |
| २ | मुआब्जा | ७ |
| ३ | अन्य सिफारिस | २९५ |
| ४ | चारकिल्ला | ७,१३१ वटा |
| ५ | घरेलु उद्योग | ५३ |
| ६ | जग्गा नामसारी | ३३ |
| ७ | नाता प्रमाणित | ७९६ |
| ८ | दुई नाम, थर | २३४ |
| ९ | पेन्सन, रहलपहल | ३६ |
| १० | विवाह प्रमाणित | ५३ |
| ११ | जन्म प्रमाणित | १५७ |
| १२ | बसोबास प्रमाणित | २१ |
| १३ | अविवाहित | ५१ |
| १४ | नाबालक | ५७ |

**नक्सा पास**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| | नक्सा दता | ५९१ |
| २ | अस्थायी पास | ३७८ |
| ३ | स्थायी पास | ४९५ |
| ४ | निर्माण सम्पन्न | २४८ |

**सडक बत्ति सम्बन्धि विवरण**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| | पोल संख्या | ४,८१३ |
| | सि.एफ.एल. चिम | २५८२ |
| | मर्करी (२० वाट) | : ८६० |
| | साधारण चिम | ४०२ |
| | खाली पोल | ९६८ |
| | जम्मा खर्च रकम रु. | २४,४३,७०८।०० |

**व्यक्तिगत घटना दर्ता**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | **जन्म दर्ता** | |
| | पुरुष | ६८४ |
| | महिला | ८३० |
| | जम्मा | १५६४ |
| २ | **मृत्यु दर्ता** | |
| | पुरुष | १४५ |
| | महिला | १९५ |
| | जम्मा | ३४० |
| ३ | विवाह दर्ता | ६४१ |
| ४ | वसाई सराई दर्ता | २५५ |
| ५ | सम्बन्ध बिच्छेद जना | ९ |

**वारुणयन्त्र सम्बन्धी प्रगती विवरण**

| सि.नं. | विवरण | संख्या/ईकाई |
|---|---|---|
| १ | वारुणयन्त्र : | ३ वटा |
| २ | कर्मचारी : | २० जना |
| ३ | आगलागी : | न.पा. भित्र ५७ ठाउँमा, गा.वि.स. मा १९ ठाउँमा |
| ४ | नोक्सानी | : रु. २,५६,७५,०००।- |
| | न.पा. | : रु. १,१५,३०,०००।- |
| | गा.वि.स. | : रु. १,४१,४५,०००।- |
| ५ | सेवा पुगेको क्षेत्र | : रुपन्देही, नवलपरासी, कपिलवस्तु भारत महाराजगंज, सुनौली |
| ६ | कुल खर्च | रु ८३,४५,६२९।४१ |

**सामुदायिक मेलमिलाप केन्द्र**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | जम्मा दर्ता भएको | ८१ |
| २ | छलफल भएको | ५९ |
| ३ | सहमती भएको | ४४ |
| ४ | असहमती भएको | १५ |
| ५ | छलफल नभएको | २२ |

**सामाजिक सुरक्षा भत्ता वितरण विवरण**

| विवरण | ज्येष्ठ नागरिक | दलित जेष्ठ नागरिक | एकल महिला र विधवा | पूर्ण अपांग | आंशिक अपांग | अति असक्त अपांग | दलित बालबालिका | लोपोन्मुख |
|---|---|---|---|---|---|---|---|---|
| महिला | ७३१ | ९१ | ११३१ | ८ | ३ | ४ | १० | ११ |
| पुरुष | ५४४ | ११९ | ९ | ७ | ६ | ८ | | १२ |
| जम्मा | १२७५ | २१० | ११३१ | १७ | १० | १० | १८ | २३ |
| भुक्तानी | ७५,४२,०००।०० | | ६७,३२,०००।०० | | १६८,८००।००| २५,६००।०० | | २७६,०००।०० |
| उपचार खर्च | | | | | २३,००,०००।०० | | | |
| कुल जम्मा | | | | | १,७०,४४,४००।०० | | | |

## २.३. सामाजिक विकास संग सम्वन्धित सम्पादन भएका कामहरु :

न.पा.वाट सम्पादन भएका सामाजिक विकाससंग सम्वन्धित गतिविधिहरु यस प्रकार छन् ।

**वृहत नगर स्तरिय पांचदिने सरसफाई अभियान**

- वृहत नगर स्तरिय  पांचदिने सरसफाई अभियान सरसफाई कार्यक्रममा नेपाल सरकारका पूर्व मुख्य सचिव श्रीमान् लिलामणी पौडेल ज्यूको आतिथ्यमा समिक्षा कार्यक्रम ।
- वडा नं.१ देखि १३ वडामा वडा स्तरिय सरसफाई विषयक १/१ दिने छलफल कार्यक्रम ।
- १३ वटै वडामा वडा स्तरिय वृहत सरसफाई समितिको गठन ।
- १ देखि १३ वटै वडामा वृहत वडा स्तरिय सरसफाई समितिको सकृयतामा सरसफाई कार्यक्रम भई रहेको ।

**जनचेतनामुलक कार्यक्रम** : १. सि.न.पा.को आर्थिक सहयोगमा दरखसवा महिला समुह वडा नं.३ द्वारा ६० जनालाई फोहोरमैला व्यवस्थापन , EFLG, CFLG विषयक २ दिने तालिम कार्यक्रम । २. सि.न.पा.को सहयोगमा सिद्धार्थ सामुदायिक सेवा केन्द्र ५,१२ र १३ द्वारा ७० जनालाई घरेलु हिंसा विषयक १ दिने गोष्ठी । ३. सि.न.पा. को सहयोगमा बौद्धिक अपाङ्गता अभिभावक संघ द्वारा ५० जनालाई सचेतना कार्यक्रम ।

**बालबालिका सम्बन्धी कार्यक्रम :** सामाजिक विकास शाखाबाट सम्पादन भएका कामहरुः १. सि.न.पा. द्धारा LGCDP को कार्यक्रम अन्तरगत नि.मा.वि.र मा.वि.मा अध्ययरत करिब ६० जना विद्यार्थीहरुका लागि एकदिने बालमैत्री स्थानीय शासन बिषयक अभिमुखीकरण कार्यक्रम ।

**खुला दिशामुक्त कार्यक्रम :**१. सि.न.पा. मा १३ वडाहरुमा १२०२५ घर संख्या रहेकोमा चर्पि बन्न बांकी घर संख्या २११९ २. वडा नं. ७ गत आ.ब. २०७०।७१ मा ODF घोषणा भई सकेको । ३. यस आ.ब. २०७१।०७२ मा वडा नं.९,१२ र ५ (३) वटा वडाहरु इमँ घोषणा गर्न सफल । ४. सि.न.पा.मा जम्मा ९०३ घरमा चर्पि बन्न बांकी रहेको देखिन्छ । ५. केही वडाहरु ODF घोषणा गर्ने तैयारीमा रहेका छन् ।

## सामाजिक परिचालन कृयाकलाप :

न.पा. ले सामाजिक परिचालनका लागि पलकेश नेपाल र एकिकृत शहरी विकास कार्यक्रमका लागि एन.आर.डि.सि. नामक संस्थासंग साझेदारीको रुपमा काम गर्दै आएको छन् । नगर सामाजिक परिचालन तथा समन्वय समितिबाट समेत सामाजिक परिचालन सम्वन्धी गतिविधिहरुको अनुगमन हुने गरेको छ ।

**वडा नागरिक मञ्च :** वडा नागरिक मञ्च तथा नगरपालिकाको महत्वपुर्ण प्रयासको कारण लक्षित वर्गका क्षमता विकास कार्यकम, आयआर्जन तथा रोजगारमूलक कार्यकमहरु १३ वटै वडाहरुका लागि पारित भएका छन् । १३ जना सामाजिक परिचालकहरु तथा वडा नागरिक मञ्चका संयोजकहरुलाई योजना तर्जुमा प्रकृया तथा सार्वजनिक परिक्षण सम्बन्धी विषयमा LGCDP/LDTA/LGAF को समन्वयमा नगरपालिकावाट विभिन्न चरणमा तालिम प्रदान गरिएको छ । वडा नागरिक मञ्चवाट उपभोक्ता समिति गठन देखि आयोजना कार्यन्वयन र अनुगमनमा सहयोग प्राप्त हुने गरेको छ । वडा नागरिक मञ्चका सदस्यहरुको नगरपालिकाबाट संचालित सरसफाई कार्यकम, खुल्ला दिशामुक्त अभियान, चेतनामुलक अभियान, सामुदायिक मेलमिलाप, नागरिक सचेतना केन्द्रबाट संचालित जिविकोपार्जन कार्यकम आदीमा समेत सकृय संलग्नता रहने गरेको छ ।

**नागरिक सचेतना केन्द्र** : नगरका ६ वटा वडाहरुका अति विपन्न वस्तीहरुमा एक एक वटा नागरिक सचेतना केन्द्रहरु संचालनमा आएका र यि केन्द्रहरुको परिपक्वता मापन गर्दा सवै केन्द्रहरु परिपक्व स्थीतिमा आई पुगेका छन् । सबै सचेतना केन्द्रका सदस्यहरुको योजना तर्जुमा प्रकृयामा अर्थपूर्ण सहभागिता रहने गरेको छ । नगर परिषद्वाट सचेतना केन्द्रकोलागि क्षमता विकास कार्यक्रम अन्तरगत बजेट विनियोजन गरिएको छ । ६ वटा सचेतना केन्द्रहरुमा घुम्तिकोष रकम रु एक लाख संचालनमा ल्याई १ वर्षको अवधिमा ५० जना सदस्यहरु लाभान्वित भएका छन् । घुम्ति कोषवाट लिएको रकम बाखा/

कुखुरा पालन, तरकारी खेती, ससानो व्यापारिक पसल आदीमा लगानि गर्ने गरिएको छ । यसैगरि केन्द्रका सदस्यहरुवाट खुल्ला दिसामुक्त वडा घोषणा, पुर्ण खोपयुक्त वडा घोषणा, पुर्ण साक्षर नगर जस्ता राष्ट्रिय कार्यक्रमहरुमा पूर्ण सकृयता रहने गरेको छ । गरिविको अन्तरनिहित कारण विश्लेषण कार्य (UCPA) १३ वटै वडामा सम्पन्न भई ति वडाहरुमा नयां सचेतना केन्द्र स्थापना हुने क्रममा रहेको अवस्था छ ।

## २.४ नगरपालिकाको वित्तिय प्रगति

नगरपालिकाको वित्तिय प्रगति विवरणलाई निम्न वमोजिम तालिकिकरण गरि प्रस्तुत गरिएको थियो ।

**आय सम्वन्धि**

| | श्रोतहरु | अनुमानित आय रकम | यथार्थ आय रकम |
|---|---|---|---|
| क) | **कुल वजेट** | **३५५८९७०७४** | **३४०८८१२४७** |
| | निसर्त अनुदान | ३२४९२००० | ३२४९२००० |
| | शसर्त अनुदान | ४२४२५१४० | ४२७४२०७५ |
| | शसर्त अनुदान (एकिकृत शहरी विकास परियोजना) | १८००००००० | १४६२४४९७३ |
| | राजश्व वांडफांड | ५५००००० | ६६९३३५१ |
| | आन्तरिक आय | ४८८४८०६१ | ४७६००००० |
| | अन्य | ४६६३१८७३ | ५११६७८३४ |

**व्यय सम्वन्धि**

| | श्रोतहरु | अनुमानित व्यय रकम | यथार्थ व्यय रकम |
|---|---|---|---|
| ख) | **कुल वजेट** | ३५५८९७०७४ | ३४०८८१२४७ |
| | निसर्त अनुदान | ३२४९२००० | ३२४९२००० |
| | शसर्त अनुदान | ४२४२५१४० | ४२७४२०७५ |
| | **शसर्त अनुदान (एकिकृत शहरी विकास परियोजना)** | १८००००००० | १४६२४४९७३ |
| | **राजश्व वांडफांड** | ५५००००० | ६६९३३५१ |
| | **आन्तरिक आय** | ४८८४८०६१ | ४९८१९९९० |
| | **अन्य** | ४६६३१८७३ | ६२८८८८५६ |
| **ग** | **खर्च प्रतिशत** | | ९२.२६ |
| | **वार्षिक वजेट** | ३५५८९७०७४ | ३३४९४०२३४ |
| | पुंजिगत | २६१४१२०७४ | २४१२३२९०३ |
| | चालु | ९४४८५००० | ९३७०७३३१ |
| **घ** | **निकाशा** | | |
| | पुंजिगत | २६१४१२०७४ | २४१२३२९०३ |
| | चालु | ९४४८५००० | ९३७०७३३१ |
| **ङ** | **खर्च** | | |

| | श्रोतहरु | अनुमानित व्यय रकम | यथार्थ व्यय रकम |
|---|---|---|---|
| | पुंजिगत | २६१४१२०७४ | २४१२३२९०३ |
| | चालु | ९४४८५००० | ९३७०७३३१ |
| | जम्मा | | |
| **च** | चालु खर्चवाट प्रशासनिक खर्चमा विनियोजित | ७६३८५००० | ७६३८५००० |
| **छ** | चालु खर्चवाट प्रशासनिक खर्च रकम | ७६३८५००० | ७२२५२४४९ |
| **ज** | फिज रकम ( वांकि रकम स्थानीय निकाय कोष खातामा आगामि वर्षको लागि जिम्मेवारी सारेको) | ० | ५९४१०१२ |

**वेरुजुको अवस्था**

१. आ.व. २०७०/०७१ सम्मको कूल वेरुजु रु १३५६४

२. आ.व. २०६९/७० सम्मका कूल पर्छयौट रु ५२६३

३. आ.व. २०७१/७२ मा पर्छयौट रकम रु ४०८९ र प्रतिशत: ४९.२७


४. खर्चको अनुपातमा वेरुजु प्रतिशत : २.३२

## २.५ भौतिक पूर्वाधार विकास सम्वन्धि प्रगति विवरण


| विवरण | इकाई | परिमाण | रकम |
|---|---|---|---|
| पक्की नाला | मी. | ३२८४ | १,६५,८४,१३२।४२ |
| सडक पीच | मी. | १८५० | १,०१,०१,२८५।३० |
| सडक ग्रेभल | मी. | ६५९१ | ७५,८७,०८१।६२ |
| सहरी सडक मर्मत पीच | वर्ग मी. | १८८०७।३४ | १,२२,९७,२७४।०० |
| भवन मर्मत | वटा | १० | ५१,८२,९७१।७७ |
| अन्य - कल्भर्ट, ह्युमपाईप | | | ४,५०,४०२।३५ |
| जम्मा रकम : | | | ५,२२,०३,१४७।४६ |

## २.६ एकिकृत शहरी विकास कार्यक्रम

### २.६.१ कार्य तालिका/समय अनुसारको कामको प्रगति




### २.६.२ वजेट अनुसारको कामको प्रगति




**Progress of Subprojects**

➢Total cost estimate for Improvement and Development of Storm Water Drainage and Urban Road Subproject - **NRs. 796,852,100.30** with VAT 13%. Contract Amount is **NRs. 796,775,701.88** with VAT and contractor is China Guangzhou-Sharma & Co. Pvt. Ltd, JV. Contract Agreement has been signed on **15th December 2014**. Work commencement on 12 Feb 2015. Project is going on.

➢Total cost of ISWM Sub-Project is **NRs.** 327,775,951.75 including price contingencies 5%, physical contingencies 5% and VAT 13%. Bid opening was done on 12 Dec 2014 and technical evaluation has completed and financial bid was open on **15 April 2015**. Bid price is above than cost estimate so Rebidding process is going on.

**EIA / IEE Progress**

| Title | **Progress Status** |
|---|---|
| EIA for ISWM sub project | 1.TOR and Scoping has been approved.<br>ucted in proposed site and some issues has been raised by the<br><br>3.Draft report has been submitted for comment. DSC is preparing final report. |
| IEE for road and drain sub project | 1.Final report has been submitted .<br>2.Presentation of final report has been done.<br>3.Final report incorporating comments has been submitted for approval. Final report has been send to MoUD. |

## २.७ उल्लेखेनिय तथा अनुकरणीय कार्यहरु

- अतिक्रमित सार्वजनिक जग्गालाई अतिक्रमण हटाई सो स्थानमा पार्किङ तथा शहरी सेवा केन्द्र निर्माण गरि शहरी सुन्दरता र आय वृद्धि गर्न योजना सञ्चालन गरिएको
- PPP अवधाराणा अन्तरगत सभागृह र पार्कको सञ्चालन र व्यवस्थापनमा नीजि क्षेत्रको सम्लग्नता कायम गरि आय वृद्धि, खर्च कटौति र भौतिक संरचना विकासको साथै शहरी सुविधामा वृद्धि ।
- प्रशासनिक खर्च कटौतिका लागि रिक्त रहेका दरवन्दि खारेज गर्ने नीतिगत व्यवस्था ।
- फोहोरमैला व्यवस्थाका लागि वृहत नगर सरसफाई अभियान आयोजना गरिएको जसमा १० हजार नगरवासिहरुको सहभागिता रहन गएको ।
- रु १० लाख माथिका सवै आयोजनाहरुको E-bidding गरि पारदर्शि योजना संञ्चालन गरिएको ।

## २.७ मुख्य समस्या र समाधानका उपायहरु

| सि.नं | समष्या | समाधानका उपायहरु |
|---|---|---|
| १ | न्यूनतम आन्तरिक आयका कारण म्याचिङ फण्डमा कठिनाई | आन्तरिक आय वृद्धिका लागि IPT लगाईएको नयां स्थानहरु पहिचान गरि कर संकलन गरिएको र म्याचिङ फण्डको लागि मन्त्रालयसंग अनुरोध गरिएको । |
| २ | छाडा वस्तु (पशु) | जिल्ला ट्राफिक कार्यालयको सहयोगमा छाडा पशु नियन्त्रण गर्ने कार्य निरन्तर गर्ने गरिएको । |
| ३ | डुवान | IUDP कार्यक्रम अन्तरगत १३ कि.मि. नयां ढल निर्माण र ३८ कि.मि. मौजुदा ढल मर्मत सुधार कार्यक्रम तर्जमा |
| ४ | शहरि सडक व्यवस्थापन | IUDP कार्यक्रम अन्तरगत ९ कि.मि. शहरि सडक निर्माण योजना तर्जमा भएको । |
| ५ | प्रशासनिक खर्च वृद्धि | अनावष्यक दरवन्दि खारेज गरिएको |
| ६ | फोहोर मैला व्यवस्थापनमा सुधार गर्न नसकिएको | IUDP कार्यक्रम अन्तरगत फोहोर मैला प्रशोधन केन्द्र स्थपनाका लागि ६ विगाहा जग्गा प्राप्त गरिएको, टोल सुधार |

| सि.नं | समष्या | समाधानका उपायहरु |
|---|---|---|
| | | मार्फत जनचेतना मुलक कार्यक्रम सञ्चालन |

## २.८ समष्या समाधानका लागि गरिएका प्रयासहरु

- आन्तरिक श्रोत वृद्धिका लागि आयमुलक योजनामा लगानि वृद्धि गरिएको र आ.व. २०७१/०७२ को कूल पुंजिगत लगनि मध्ये २ करोड १० लाख आय मुलक योजनामा लगानि गरिएको ।
- प्रशासनिक खर्च कटौतिका लागि अनावष्यक रहेका दरवन्दिहरु खारेजि गरिएको (६ वटा दरवन्दि आ.व. २०७१/०७२ कटौति गरिएको ) ।
- नगरको सरसफाई अवस्थामा सुधार गर्न वृहत सरसफाई अभियान नगरपालिका तह र वडा एवं टोल तह सम्म सञ्चालन गरिएको ।
- सार्वजनिक सम्पतिमा संरक्षण र उपयोगमा जोड दिईएको ।

# परिच्छेद ३

## नगरपालिकावाट प्रस्तुति पछि प्राप्त हुन आएका सुझावहरु

न.पा.को विभिन्न शाखाहरुवाट सम्पादन भएका विभिन्न गतिविधिहरुहरुको प्रस्तुतिकरण पश्चात सहभागिहरुवाट विभिन्न जिज्ञासाहरु, सवालहरु र प्रश्नहरु प्रस्तुतकर्ता समक्ष राखिएको थियो । सहभागिहरुवाट उठेका ति विषयहरुमा प्रस्तुतकर्ता र सम्वन्धित विषयगत कार्यालयका प्रतिनिधिहरु वाट जवाफ दिने कार्य भयो । कार्यक्रमको अन्तिममा कार्यकारी अधिकृत श्री विष्णु दत्त गौतमवाट मन्तव्य सहित गत वर्षका गतिविधिहरुको विष्लणका सहित आवष्यक सुझावहरु दिनु भयो । सरोकारवालाहरुवाट आएका राय सुझावहरुलाई टिपोटकर्ताहरुवाट पृष्ठ पोषणका रुपमा टिपोट गर्ने कार्य भयो । सहभागिहरुवाट नगरपालिका र सम्वन्धित विषयगत कार्यालयलाई प्राप्त हुन आएका राय सुझावहरु  यस प्रकार छन् ।

- सि.न.पा. वार्ड नं. १२ को रुद्रपथमा नालाको निर्माण कार्य पुरा हुनपर्ने ।
- सार्वजनिक कुलो र सा नजिकको जग्गाको संरक्षण गर्नुपर्ने ।
- सि.न.पा. वार्ड नं. ७ को वडा समितिको भवन बनाउनको लागि सार्वजनिक पर्ति जग्गा तारबार लगाउनुपर्ने ।
- सडक हरियाली बनाउनु पर्ने ।
- राजमार्गमा विद्युत जडान गर्नमा पहल गर्नुपर्ने ।
- देवकोटा चोकमा बुद्धको मुर्तिलाई स्थानान्तरण गरी देवकोटाको मुर्तिलाई व्यवस्थापन गर्नुपर्ने ।
- सि.न.पा. वार्ड नं. ४ को भवानीपथको नालाको गुणस्तर बनाउनु पर्ने ।
- वार्ड नं. ६ मा जमिनमा झुण्डिएर लत्रिएका विद्युतका तारहरुलाई व्यवस्थित गर्नुपर्ने ।
- मिलनचौकको ट्राफिक व्यवस्थापनलाई सुधार गर्नुपर्ने ।
- IUDP को काम गुणस्तर नभएकोले गुणस्तर कायम गर्न ध्यान दिनु पर्ने ।
- Lab Testing Machine ठेकेदारको घरमा नराखी अन्यत्र राख्नुपर्ने ।
- मायादेवी तरकारी तथा फलफुल बजार अव्यवस्थित रहेकोले व्यवस्थित बनाउनुपर्ने ।
- सडक तथा नाला मापदण्ड बमोजिम बनाउनुपर्ने ।
- घरनक्सा सम्बन्धि मापदण्ड परिमार्जित गर्नुपर्ने ।
- रुख रोप्ने बानी बसाउनुपर्ने ।
- योजनाहरु छनौट गरी पारित भएका योजनाहरु कार्यान्वयन गर्दा पूर्व जनप्रतिनीधि तथा विभिन्न संघ संस्थाका व्यक्तित्वहरुको सहभागिता हुनुपर्ने ।
- जनताको आकाक्षां बमोजिम काम हुनपर्ने ।
- प्राविधिक शाखा सदा खाली रहन्छ त्यसमा ध्यान दिनु पर्ने ।

- ❖ काम गर्दा हुन्छ भन्ने मात्र नभई काम हुनपर्ने ।
- ❖ ADB को कन्सल्टेन्ट ठेकेदारको गोटि बनेकोले सोमा ध्यान दिनुपर्ने ।
- ❖ नालाको निर्माणमा इटा कमसल खालको परेको सोमा ध्यान दिनुपर्ने ।
- ❖ IUDP बाट भएको कामको डिजाईन राम्रो नभएको ।
- ❖ निर्माणको काममा प्राविधिक कर्मचारी जिम्मेबार हुनपर्ने ।
- ❖ कार्यालयमा आएका समस्याहरु तत्काल समाधान हुने व्यवस्था मिलाउनुपर्ने ।
- ❖ नागरिक मंच गठनको प्रकृया ठिक नभएको र तिनको काम प्रभावकारी नभएको हुँदा सोमा ध्यान दिनुपर्ने ।
- ❖ योजना शुरु गर्दा कुन पहिला गर्ने भन्ने नीति बनाउनु पर्ने ।
- ❖ यस पूर्वका सार्वजनिक सुनुवाईमा आएका सुझावहरुलाई कार्यान्वयन गर्नुपर्ने ।
- ❖ जनमुखि नगरपालिका हुनुपर्ने ।

# समीक्षा वैठक संग सम्वन्धित अनुसुचिहरु

## ५.१.समीक्षा वैठकमा उपस्थितिका लागि आमत्रण गरिएको पत्र

## ५.२.सहभागिको उपस्थिति रेकर्ड

## ५.३.समीक्षा वैठकका केहि झलकहरु




सहभागिवाट आफ्ना भनाई र सुझाव राख्दै



उपस्थिति




व.ई.शैलेन्द्र क्षेष्ठ प्रगति प्रतिवेदन प्रस्तुति गर्दै




कार्यकारी अधिकृत बिष्णु दत्त गौतम मन्तव्य दिदै

## ५.४.समीक्षा वैठकको लागि न.पा.को निर्णय